आज मिती २०७५/११/०१ गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ५० औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | [signature] |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | [signature] |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | [signature] |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | [signature] |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | [signature] |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | [signature] |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | [signature] |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | [signature] |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | [signature] |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | [signature] |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | [signature] |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | [signature] |
| अन्य उपस्थिति | | | |
| १६ | वीरध्वज लिम्बु | योजना शाखा | [signature] |
| १७ | भीम ब० बुडाथोकी | का० स० | [signature] |
| १८ | | | |

प्रस्तावहरु

१ अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ स्विकृति सम्बन्धमा ।

२. नयाँबजार थुम्के जौवारी सडक स्तरोन्नती सम्बन्धमा ।

३. वडा नं. ६ को वडा भवन निर्माण सम्बन्धमा ।

४. राहत वितरण सम्बन्धमा ।

५. कार्यक्रम तथा बजेट विनियोजन सम्बन्धमा ।

६. सिप विकास तालिम सञ्चालन सम्बन्धमा ।

७. शोक प्रस्ताव सम्बन्धमा ।

१. नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि -२००६ ( Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि बनाउन बाञ्छनिय भएकोले, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले तयार गरी लागू गर्नको निम्ति स्थानीय तहमा पठाइएको नमूना कार्यविधिलाइ मिति २०७५।११।०१ गतेको माईजोगमाई गाउँकार्यापालिकाको बैठकले स्विकृत गरी लागू गर्ने निर्णय गरियो ।

२. नयाँबजार थुम्के जौवारी तुम्लिङ मेघमा पर्यटन सडक स्तरउन्नतीकालागी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बिनियोजित शसर्त अनुदान रकम एक करोड पैतिस लाख रुपैया यसै गाउँपालिकाबाट कार्यान्वन गर्न भनी लेखी आएकोले उक्त सडकको केहि भाग सन्दकपुर गाउँपालिकाको क्षेत्रमा पर्ने भएकोले सम्बन्धित गाउँपालिकासँग समन्वय गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय गरीयो साथै उक्त सडकको तयार भएको डिपिआर प्रतिवेदनको आधारमा आवश्यकता र प्राथमिकता अनुसार प्रदेश सरकार सशर्त अनुदान कार्यविधि २०७५ बमोजिम हुनेगरी यस वर्षको प्राप्त बजेट रु १ करोड ३५ लाख हुनेगरी लागत स्टिमेट तयार गरी टेन्डर प्रकृयाबाट निर्माण तथा स्तरोन्नती कार्य गर्ने निर्णय गरियो ।

३. वडा नं. ६ को वडा भवन निर्माण कार्यको लागी कुल लागत अनुमान मध्ये जिल्ला समन्वय समिति बाट यस वर्ष प्राप्तहुने रकम रु. २११५३४०।२२ र गाउँपालिकाको समपुरक कोष बाट व्यहोर्ने रकम रु १५ लाख गरी जम्मा ३६ लाख यस बर्ष खर्च गर्ने र लागत अनुमानको बाँकी रकम आगामी आ.ब. ०७६/०७७ को पुँजीगत बजेटको भबन निर्माण शिर्षकबाट खर्च बिनियोजन गरी क्रमागत योजनाको रुपमा वडा कार्यालय निर्माण गर्न टेन्डर प्रकृयाबाट निर्माण कार्य अघी वढाउने निर्णय गरियो ।

४. माईजोगमाई गाउँपालिकामा स्थायी बसोवास भएका निम्न व्यक्तीहरुलाइ राहत वापत निम्न बमोजिमको आर्थिक सहायत उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | पिडित व्यक्तिको नाम थर | स्थायी ठेगाना | विरामीको किसिम | राहत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमला रसाइली | माईजोगमाई १ | टाउकोको नासामा रगत जमी टाउकोको अप्रेशन | ३००००/- तिस हजार | |
| २ | पासाङ्ग शेर्पा | माईजोगमाई ५ | मुटु सम्बन्धी रोग | २००००/- विस हजार | |
| ३ | मानवीर लिम्बु | माईजोगमाई ४ | आमासयमा क्यान्सर | २००००/- वीस हजार | |

५. यस गाउँपालिकाको हिउँदे गाउँसभाबाट विनियोजित बजेटको अधिनमा रहि निम्न वमोजिमका कार्यक्रम तथा योजनाहरुमा निम्न बमोजिमको बजेट विनियोजन गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँबजार बर्थिङ सेन्टर | २०००००/- दुई लाख | स्वास्थ्य सेवा प्रवर्दन कार्यक्रम | |
| २ | शान्तोलिंग गुम्बा मर्मत | १०००००/- एक लाख | पर्यटन प्रवर्दन कार्यक्रम | |
| ३ | सिद्ध देवि मन्दिर मर्मत | ५००००/- पचास हजार | पर्यटन प्रवर्दन कार्यक्रम | |
| ४ | सिर्जनात्मक कला शिक्षण सम्बन्धी आधारभूत तालिम कार्यक्रम | ८००००/- असी हजार | विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर सुधार कार्यक्रम | |

६. माइजोगमाई गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाइ स्वरोजगार सिर्जना गर्न महिलालाइ लक्षित गरी एडभान्स प्रकृतिको सिलाइ कटाइ सम्बन्धी सिप विकास तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

७. सोक प्रस्ताव सम्बन्धमा ।

पाँचथर जिल्लाको फाल्गुन्द गाउँपालिकाका अध्यक्ष श्री अमर कुमार नेम्बाङको यही मिति २०७५ माघ २६ गते असामयिक निधन भएको खवरले माइजोगमाइ गाउँपालिकाको निर्वाचित पदाधिकारीहरु कर्मचारीहरु तथा सम्पुर्ण गाउँपालिकाबासीको तर्फबाट सोक प्रस्ताव पास गरी वहाँको आत्माले चिर शान्तिको कामना गर्दै सोक सन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति मिलोस भनी सोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।